नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा
प्रशासन फाँट

☎ ५२०१२१
५२००३२
फ्याक्स ५२००९९

प.सं.: ०७७/०७८ (स.)
च.नं.: 2354

मिति: २०७७।०८।०४

**बिषय: निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा।**

श्री जिल्ला समन्वय समितिको कार्यालय, सिरहा।
श्री स्थानीय तह सबै (१७), सिरहा।
श्री जिल्ला प्रहरी कार्यालय, सिरहा।
श्री सशस्त्र प्रहरि बल, नेपाल नं. ७ गण हे.क्वा., सिरहा।

अत्यन्त जरुरी

प्रस्तुत विषयमा गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १४७५ मिति २०७७/०७/२८ को प्राप्त पत्र यसै साथ संलग्न छ। विभिन्न खोला/नदी तथा खानीबाट उत्खन्न गरी, क्रसर उद्योगबाट उत्पादीत प्रशोधित ढुङ्गा, गिट्टी र बालुवाको जिल्ला समन्वय समिति, सम्वन्धित स्थानीय तह, जिल्ला प्रहरी कार्यालय र प्राविधिक इन्जिनियर सम्मिलित टोलीबाट परिमाण नाप जाँच गरी एकिन गरेपश्चात तथा यो पत्र प्राप्त भएको मिति देखि अक्रो निर्णय नभए सम्मको लागि कुनै नदी वा खानीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खन्न तथा संकलन कार्य नगर्न /नगराउनु हुन अनुरोध छ।

.......................
प्रदीपराज कणेल
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

**बोधार्थ:**
श्री गृह मन्त्रालय
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा
सिंहदरवार, काठमाडौं।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा।

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- शा.सु.०७७/०७८/०८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-१४६५

मिति २०७७/०७/२८

विषयः मौज्दात ढुङ्गा, गिट्टी र बालुवा बिक्री वितरण सम्बन्धमा ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै ।

उपर्युक्त विषयमा यस मन्त्रालयको च.च. १४४२ मिति २०७७/०७/२५ गतेको पत्रसाथ माननीय गृहमन्त्री राम बहादुर थापा 'बादल'ज्यूको अध्यक्षतामा सम्पन्न बैठकको निर्णय तहाँ प्राप्त भएकै छ । उक्त निर्णयमा यसभन्दा अघि घाटगद्धी तथा क्रसर उद्योगमा मौज्दात रहेको ढुङ्गा, गिट्टी र बालुवा सम्बन्धमा केही जिल्लाहरुमा द्विविधा उत्पन्न भएको भन्ने जानकारी हुन आएकोले यस सम्बन्धमा देहाय बमोजिम गर्ने/गराउन आदेशानुसार अनुरोध छ ।

देहायः

१. विभिन्न खोला/नदी तथा खानीबाट उत्खनन् गरी घाटगद्धीमा संकलन गरिएको ढुङ्गा, गिट्टी र बालुवा र क्रसर उद्योगबाट उत्पादित प्रशोधित ढुङ्गा, गिट्टी र बालुवाको जिल्ला समन्वय समिति, सम्बन्धित स्थानीय तह, जिल्ला प्रहरी कार्यालय र प्राविधिक इन्जिनियर सम्मिलित टोलीबाट परिमाण नाप जाँच गरी एकिन गर्ने । यो पत्र प्राप्त भएको मिति देखि अर्को निर्णय नभएसम्मको लागि कुनै नदी वा खानीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन गर्न नपाउने व्यवस्था मिलाउने ।

२. परिमाण एकिन भएपछि नजिकको प्रहरी इकाईले बिक्री वितरण तथा ढुवानीको अभिलेख राख्न लगाउने । प्राविधिक सम्मिलित टोलीबाट एक पटक परिमाण एकिन भएपछि सो परिमाण भन्दा बढी बिक्री वितरण भएको हुन नहुने ।

३. प्रमुख जिल्ला अधिकारीले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी मौज्दात रहेको ढुङ्गा, गिट्टी र बालुवाको पारदर्शी बिक्री वितरणको सुनिश्चितता गराउने । सो को लागि सम्बन्धित स्थानीय तह र नजिकको प्रहरी इकाईले अनुगमन गर्ने व्यवस्था मिलाउने ।

४. मौज्दात रहेको ढुङ्गा, गिट्टी र बालुवा बढीमा १ (एक) महिनाभित्र अनिवार्य रुपमा बिक्री वितरण गरी उठाई सक्नुपर्ने ।

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्या:- शा.सु.०७७/०७८/०८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

५. मौज्दात रहेको ढुङ्गा, गिट्टी र बालुवाको परिमाण नाप जाँच, अभिलेख, बिक्री वितरण तथा अनुगमन कार्यको प्रमुख जिल्ला अधिकारी स्वयंले निगरानी गर्ने ।

६. राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तथा अन्य महत्वपूर्ण विकास आयोजनाहरुको लागि नदीजन्य पदार्थ सहज आपूर्तिका लागि सञ्चालित आयोजना केन्द्रित क्रसर उद्योग तथा नियमानुसार दर्ता अनुमति लिई IEE स्वीकृति भई मापदण्ड अनुरुप सञ्चालित क्रसर उद्योगहरु पूर्ववत रुपमा सञ्चालन गर्न भने कुनै बाधा पर्ने छैन ।

२०७७/०६/२८

.........................
(अमर दिप सुनुवार)
शाखा अधिकृत